आज मिति २०८१ साल मंसिर २५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८१/८२ को पाँचौ बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | राधा |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | ठाकुरप्रसाद तिवारी | उपसचिव | |
| २ | विवेक कुमार पण्डित | [illegible] | |
| ३ | सुजन मिश्र | स्व.प्र.अ. | |
| ४ | | | |

**नगर-कार्यपालिकाको मिति २०८१/०८/२५ गतेको आ.व २०८१/८२ को पाँचौ बैठकका निर्णयहरु :**

**निर्णय नं १**

यस नगरपालिकामा मिति २०८०/०१/२७ गते देखि मिति २०८१/०८/१६ गते सम्म प्रमुख प्रशासकीय अधिकृतको रुपमा कार्यरत श्री शिशिर पौडेल ज्यू सरुवा भई मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पू.) सरुवा हुनु भएकोमा उहाँले यस नगरपालिकाको कार्यक्रय कार्यान्वयन तथा विकासमा पुर्‍याउनु भएको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गरियो । साथै मिति २०८१/०८/१९ गते देखि मध्यविन्दु नगरपालिका, नवलपरासी (ब.सु.पू.)बाट सरुवा भई यस नगरपालिकामा आउनु भएको प्रमुख प्रशासकीय अधिकृत श्री रमेश घर्तिलाई हार्दिक स्वागत गरियो ।

**निर्णय नं २**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८१/०७/२९ गते बसेको आ.व २०८१/८२ को चौथो बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं ३**

सुन्दरबजार नगरपालिकाको नगरसभाको १५ औं अधिवेशन मिति २०८१ पौष २६ गते शुक्रबार ११ वजे नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आ.व २०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गतका योजना कार्यान्वयनको अवस्थाबारे छलफल गरियो साथै चा.लु आ.व.को वार्षिक स्वीकृत कार्यक्रमहरु शिघ्र रुपमा संचालनको लागि आवश्यक समन्वय गर्ने र वडा कार्यालयमा वजेट विनियोजन भई कार्यान्वयन हुने विषयगत कार्यक्रमहरु नगरपालिकाको विषयगत शाखाहरुको समन्वयमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि, २०७८ अनुसार घर तथा भवन अभिलेखीकरण छुट भएकाहरुको लागि अन्तिम पटकका लागि ७ दिनको अवधि दिई सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**विविध प्रस्तावहरुको निर्णयहरु :**

**निर्णय नं ६**

क) सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौको च.नं ४४० मिति २०८१।०६।१३ गतेको पत्र अनुसार आ.व २०८१/८२ को लागि रु ४९,००,०००। वजेट विनियोजन भई आएकोमा नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने कुल लागतको ३० प्रतिशत रकमले हुन आउने रकम रु २१,००,०००। सडक बोर्डको योजनामा थप शीर्षकबाट विनियोजन गरी रु ७०,००,०००। बाट **सु.न.पा ३ देवतापानीबेशी चन्द्रेश्वर आधारभुत अस्पताल हुँदै सु.न.पा ११ सिन्दुरे** जोड्ने सडक मर्मत तथा स्तरोन्नती गर्ने र सहमती तथा रकम निकासाको लागि सडक बोर्ड नेपाल,मिनभवन,काठमाण्डौलाइ अनुरोध गर्ने निर्णय गरियो ।

ख) सुन्दरबजार नगरपालिका भित्रका जग्गा वर्गीकरणका लागि भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु, २०८१ अनुसार तयार गरिएको भू उपयोग नक्सा स्वीकृत गरियो ।

प्रसाद कोइरा
नगर प्रमुख

ग) यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०४।२४ गते बसेको आ.व २०७९/८० को दोस्रो बैठकको निर्णय नं ७ अनुसार हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार उप स्वास्थ्य चौकी स्तरोन्नती भई सुन्दरबजार अस्पतालको रुपमा सेवा प्रदान गर्दै आइरहेकोमा उक्त अस्पतालको स्तरउन्नती गरी कम्तिमा ५० शैयाको अस्पताल भवन निर्माण, ब्लड बैंक स्थापना, ट्रमा सेन्टर संचालन, मुर्दा घर निर्माण, अस्पतालको फोहोर प्रशोधन केन्द्र, आवास गृह र पार्क लगायतका संरचना निर्माण गर्नुपर्ने भएकोले हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार उप स्वास्थ्य चौकीको नाममा ३-०-०-० रोपनी (कि.नं ९३५,९३७ र ९५२) को जग्गा धनी दर्ता प्रमाण पूर्जा रहेकोमा अस्पताललाई थप स्तरोन्नती गर्नका लागि हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको कि.नं ७४ क्षेत्रफल ५-१४-१-२ को जग्गा आवश्यक रहेको हुँदा सो जग्गा प्रयोगका लागि गृह मन्त्रालय, सिंहदबार, काठमाण्डौ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौ, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

घ) बालकुमारी मौरी फर्म, लमजुङले मिति २०८०/०३/१२ मा मौरीको घार खरिद कार्यक्रमको प्रस्ताव गर्दा रु ९९ हजार धरौटी खातामा दाखिला गर्नुपर्ने रकम राजस्व खातामा दाखिला गरेको हुँदा सो धरौटी रकम आ.व २०८१/८२ मा राजस्व फिर्ता शिर्षकमा विनियोजित वजेटबाट फिर्ता दिने निर्णय गरियो ।

ङ) बालमैत्री तथा पोषणमैत्री वडा घोषणाको सूचक अनुसारको मापदण्ड पुरा गरेका वडाहरुलाई क्रमश बालमैत्री तथा पोषणमैत्री घोषणा गर्ने निर्णय गरियो ।

२०८१/०८/२५

कृष्ण प्रसाद ...
नगर प्रमुख

२०८१/०८/२५

रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत